# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

# संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः२०७५।७६
च.नं.

श्री प्रमुखज्यू,
दुहुँ गाँउपालिका,दार्चुला ।

मितिः २०७५।१२।१२

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट दुहुँ गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४६ लाख ३७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ९९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२२ हजार र पेश्की रु.३३ लाख १७ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना नौ (९) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

## दुहुँ गाँउपालिका

# लेखापरीक्षण प्रतिवेदन

## २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । ७ नं. प्रदेशमा अवस्थित यो गाँउपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ६५.३५ वर्ग कि.मी.क्षेत्रफल र १०८१८ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७४।०७५ को स्थानीय संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६१६९००९.७२ | १ | **चालु खर्च** | ११९७३१०८९.०४ | ११९७३१०८९.०४ |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | ६२९८२३६१.२८ | ६२९८२३६१.२८ |
| | ख) बैंक | ६१६९००९.७२ | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ८४७९३७.६३ | | क) ऋण भुक्तानी | ० | ० |
| | क) आन्तरिक राजस्व | ५९१०००.०० | ० | | ख) ब्याज भुक्तानी | ० | ० |
| | ख) राजस्व बाँडफाँड | | ० | | ग) अन्य भुक्तानी | ० | ० |
| | ग) अन्य आय | २५६९३७.६३ | ० | ४ | **लगानी** | ० | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | २०९९५९०००.० | | ऋण लगानी | ० | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १०७७११०००/- | ० | | शेयर लगानी | ० | ० |
| | ख) सशर्त अनुदान | १०२२४८०००/- | ० | | अन्य लगानी | ० | ० |
| | ग) समपूरक अनुदान | | ० | ५ | **धरौटी फिर्ता** | ० | ० |
| | घ) विशेष अनुदान | | ० | ६ | **कोष खर्च** | ० | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १०८००० | ७ | **मौज्दात** | ० | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | ० | | क) नगद मौज्दात | ० | ० |
| | ख) सशर्त अनुदान | | ० | | ख) बैंक मौज्दात | ३५८५७६९८.२० | ३५८५७६९८.२० |
| | ग) समपूरक अनुदान | | ० | | | ० | ० |
| | घ) विशेष अनुदान | १०८००० | ० | | | ० | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ४१५३०१.१७ | | | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | ४१५३०१.१७ | ० | | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ० | | | | ० |
| १० | **धरौटी आय** | १०७१९०० | १०७१९००.० | | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १२ | **अन्य विविध आय** | | ० | | | | ० |
| | **जम्मा** | **२१८५७११४८.५२** | **२१८५७११४८.५२** | | **जम्मा** | **२१८५७११४८.५२** | **२१८५७११४८.५२** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्विकृत भएको ७ दिन भित्र अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ।  प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन वमोजिम खर्च गर्न अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाऊँ सभाका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी मितिः२०७४।५।२८ मा दिएको तर प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवलाई कार्यक्रम र वजेट सहित खर्च गर्ने अख्तियारी दिएको देखिएन । | |
| २. | **वजेट पेश गर्ने र पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नु पर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । पहिलो गाऊँ सभाले मितिः२०७४।५।२७ मा आ.व. २०७४।७५ को योजना कार्यक्रम र आय व्यय स्वीकृत गरेको देखियो । समयमा बजेट स्वीकृत हुनुपर्दछ । | |
| ३. | **चौमासिक पूँजीगत खर्चः** कार्यालयले चौमासिक कार्यक्रम तोकिएको अवधिमा सञ्चालन गरी बजेट खर्च गर्नुपदर्छ । कार्यालयले यो वर्ष कार्यक्रम सञ्चालन र पूँजीगत बजेट रु.४०६८१ हजार खर्च गरेको छ । त्यसमध्ये पहिलो चौमासिकमा सून्य प्रतिशत दोस्रो चौमासिकमा १५ प्रतिशत र तेस्रो चौमासिकमा ८५ प्रतिशत खर्च गरेको देखिन्छ । तेस्रो चौमासिकमा अत्यधिक खर्च गर्ने र प्रथम चौमासिकमा काम नै नगर्ने प्रवृत्ति नियन्त्रण हुनुपर्दछ । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रर्णालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस गाऊँपालिकाले आर्थिक वर्ष २०७४।०७५ को आन्तरिक लेखा परिक्षण गराएको पाईएन । | |
| ५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६. | गो.भौ.नं. १६३ मिति २०७५।३।३१ **ढिला आपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा आपूर्तिकर्ताले सम्झौतामा तोकिएको म्यादमा(समय) मालसामान आपूर्ति गर्न नसकेमा निजले सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था उल्लेख छ । गाँउपालिकाको लागि आवश्यक पर्ने एकथान एक्साभेटर खरिदको लागि बोलपत्रको माध्यमबाट छनौट भएका आपूर्तिकर्ता एम.ए.डव्लु अर्थ मुभर्स प्रा.लि.सँग गाँउपालिकाले २०७५।१।४ मा सम्झौता गरेको देखिन्छ । सम्झौता रकम रु.१ करोड १७ लाख ५५ हजार रहेको सम्झौताको डेलिभरी एण्ड कम्पिलसन सेड्यूलमा सम्झौता भएको मितिले ३०(तीस) दिन भित्र आपूर्ति गरिसक्नु पर्ने व्यवस्था उल्लेख छ । गोश्वारा भौचर साथ आपूर्तिकर्ताले एक्साभेटर आपूर्ति गरीसकेकोले भुक्तानी पाउँ भनी २०७५।३।१७ मा गाँउपालिकामा निवेदन दिएको तथा संलग्न जिन्सी दाखिला रिपोर्ट र जिन्सी खाता अनुसार सो एक्साभेटर २०७५।३।२५ मा जिन्सी खातामा आम्दानी बाँधेको छ । आपूर्तिकतासँग भएको सम्झौता अनुसार सो एक्साभेटर २०७५।२।३ सम्म आपूर्ति भई सक्नु पर्नेमा २०७५।३।२४ मा आपूर्ति गरेकोले २०७५।२।४ देखि २०७५।३।२४ सम्म ५२ दिन ढिला आपूर्ति गरेको देखियो । आपूर्तिकतासँग भएको सम्झौताको विशेषशर्तको दफा नं.२६.१ अनुसार सम्झौता रकम रु.११७५५०००। को ०.०५ प्रतिशतले हुने रु.५८७७। प्रतिदिनका हिसावले ५२ दिनको रु.३०५६०४। पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु | ३०५६०४/- |
| ७. | गो.भौ.नं. १६३ मिति २०७५।३।३१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११०(४) मा आपूर्तिकर्ताले प्रत्याभूति(वारेन्टी)को अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको कार्यसम्पादन जमानत राख्नुपर्ने उल्लेख छ । गाँउपालिकाले खरिद गरेको रु.१ करोड १७ लाख ५५ हजार मूल्यको थान एक एक्साभेटरका आपूर्तिकर्ता एम.ए.डव्लु अर्थ मुभर्स प्रा.लि.ले एभरेष्ट्र बैंकको २०७४।१२।१८ (१ अप्रिल २०१८) मितिमा जारी भएको रु.५८७७५०। को कार्यसम्पादन जमानतको म्याद २०७६।१।२७(१० मे २०१९) रहेको छ । निजले आपूर्ति गरेको एक्साभेटर २०७५।३।२५ मा दाखिला भएकोले सम्झौताको विशेष शर्तको दफा २७.३ अनुसार वारेन्टी अवधि २०७६।३।२४ सम्म रहेको र त्यसमा १ महिना थप गर्दा जमानतको म्याद २०७६।४।२४ सम्म रहनुपर्नेमा २०७६।१।२७ सम्म मात्र रहेकोले घटी अवधिको जमानत लिई सम्झौता गरेको देखियो । नियमावली तथा सम्झौतको व्यवस्था पालना हुनुपर्दछ । | |
| ८. | **राजस्व शीर्षक फरकः** गो.भौ. नं १६८ मिति २०७५।३।३२ अर्थ मन्त्रालयबाट प्रकाशित राजस्व शीर्षकको वर्गीकरण र व्याख्या अनुसार एकलौटी फर्म वा व्यक्तिलाई भुक्तानी गर्दा कट्टा भएको अग्रिम कर राजस्व शीर्षक ११११११ मा र प्रा.लि.लाई भुक्तानी गर्दा कट्टा गरेको अग्रिम कर राजस्व शीर्षक १११२३ मा दाखिला गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले खरिद गरेको एक्साभेटरको आपूर्तिकर्ता एम.ए.डव्लु अर्थ मुभर्स प्रा.लि.लाई भुक्तानी गर्दा कट्टा गरेको अग्रिम कर रु.१७६३२५। अग्रिम आयकर राजश्व शीर्षक १-१-१-२-३ मा दाखिला गर्नुपर्नेमा राजस्व शीर्षक नं. ११११११ मा दाखिला भएकोले निर्धारित शीर्षकमा दाखिला गर्नुपर्ने । | |
| ९. | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्ने व्यवस्था छ । यस कार्यालयको वार्षिक कार्यकक्रम अनुसारको बजेट २०७४।५।२८ मा गाँउसभाबाट पारित भईसकेको अवस्थामा नियममा व्यवस्था भए अनुसार समयमै खरिद गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा रु.२१०६३९५। खरिद गरी निम्नानुसार मौज्दात राखेको देखिएकोले कार्यक्रम अनुसार मौज्दात सामानहरु वितरण हुनुपर्दछ । | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>कार्यक्रम</td><td>खरिद सामान</td><td>परिमाण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>५५/०७५/३/२५</td><td>खरमुक्त छाना घोषणा</td><td>जस्ता पाता</td><td>३१२० फिट</td><td>४९९०१३/-</td></tr>
<tr><td>५५/०७५/३/२५</td><td>खरमुक्त छाना घोषणा</td><td>जस्ता पाता</td><td>३१२० फिट</td><td>४९९०१३/-</td></tr>
<tr><td>२/०७५/३/३१</td><td>साना सिंचाई</td><td>एच.डि.पी.पाइप</td><td></td><td>२०००११/-</td></tr>
<tr><td>४/०७५/३/३१</td><td>साना सिंचाई</td><td>एच.डि.पी.पाइप</td><td></td><td>४२०८५८/-</td></tr>
<tr><td>६/०७५/३/३१</td><td>कृषि</td><td>मिनि थ्रेसर</td><td>५सेट</td><td>४७५०००/-</td></tr>
<tr><td>६/०७५/३/३१</td><td>कृषि</td><td>स्प्रे ट्याङ्की</td><td>५सेट</td><td>१२५००/-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२१०६३९५/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०.</td><td>विरुवा उत्पादन तथा नर्सरी सञ्चालन गर्दा वन तथा वातावरण मन्त्रालयले तयार गरेको नर्म्स अनुसार लगत अनुमान तयार गरी कार्यसञ्चालन गर्नुपर्नेमा यस कार्यालयबाट वडा नं. ४ मा १० वेडको फलफूल नर्सरी स्थापना गर्न कृषि संयोजकले तयार गरेको लागत अनुमान अनुसार खर्च गरेको छ । उक्त लागत अनुमानमा के कति फलफूल विरुवा उत्पादन गर्ने नर्सरी स्थापना गरेको नखुल्नुका सार्थ नर्सरी स्थापना गर्न आवश्यक पर्ने माटो,बालुवा,ढुङ्गा,ढुवानीको ज्यामी ज्यालाको भरपाई र वीउ खरिदको वील संलग्न गरी खर्च लेखेको छ । तर्सर्थ नर्म्स अनुसार लागत अनुमान तयार नगरी खर्च लेखेको नियमित नदेखिएको रु</td><td>२९९४५०/-</td></tr>
<tr><td>११.</td><td>गो.भौ.नं. १७५ मिति ०७५।३।१७ मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ (१) बमोजिम करदाताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेछ । यस्तो विवरण सो महिनामा कर लाग्ने कारोबार गरेको वा नगरेको जेसुकै भएतापनि पेश गर्नु पर्ने उल्लेख छ । यस कार्यालयले शुभदिन एण्ड एजेन्सी प्रा.लि लाई सूचना प्रकाशन वापत विल दुई थानको रु.१६८०००। को भुक्तानीमा मू.अ.कर रु. २१८४०। भुक्तानी गरेको देखियो । निज कर दाताको स्थायीलेखा नम्बर ६०४३९१४६९ रहेको र मिति २०७५।५।२२ मा आन्तरिक राजश्व विभागको वेभ साइटमा पान सर्च हेर्दा निजले २०७५ आषाढको मू.अ.कर समायोजन गरेको देखिदैन अतः सो कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु</td><td>२१८४०/-</td></tr>
<tr><td>१२.</td><td>बढी निकासा : प्रथम, दोस्रो तथा तेस्रो चौमासिक रुपमा कार्यालयबाट प्राथमिक, नि.मा.वि., मा.वि तथा उच्च मा.वि. सामुदायिक विद्यालयका शिक्षकहरु तथा कर्मचारीहरुको अद्यावधिक अभिलेखसँग भिडान गरेर मात्र चौमासिक निकासा दिनुपर्ने व्यवस्था छ । निम्न अनुसारका विद्यालयहरुको माग गरेको अर्थात पाउने रकम भन्दा बढी निकासा भएको रकम रु ५७२०००/- असूल गरी सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.</td><td>५७२०००/-</td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>

| विद्यालयको नाम /ठेगाना | कार्यालयबाट निकासा रकम | माग फाराम अनुसारको रकम | बढी निकासा रकम |
|---|---|---|---|
| श्री गौरिलमाण्डौं मा.वि.हिकिला | ६७११०००/- | ६१३९०००/- | ५७२०००/- |

</td><td></td></tr>
<tr><td>१३.</td><td>पुष्ट्याई तथा प्रमाण :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्टाई हुने प्रमाण, कागजात राखेर मात्र खर्च गर्ने व्यवस्था उल्लेख छ । गो.भौ.नं. २ मिति २०७४।६।१ बाट श्रोत व्यक्ति श्री शेरसिंह ऐरीलाई श्रावण,भाद्र आश्विनको तवल,भत्ता तथा दशैखर्च रु.१८७८८३। भुक्तानी गर्नुपर्नेमा रु.२९१५८६। खर्च गरेकोले बढी खर्च रु.१०२७०४। असूल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१०३७०४/-</td></tr>
<tr><td>१४.</td><td>बढी भुक्तानी : निजामती सेवा नियमावली, २०५० को नियम ४७ मा निमित्त कार्यालय प्रमुखको काम गर्ने कर्मचारीले एक श्रेणी/तह माथिको तलव भत्ता सुविधा पाउने उल्लेख छ । कार्यालयले ना.सु. श्री राजेन्द्र बहादुर सिंहलाई २०७४ पौष देखि २०७५ जेष्ठ १२ सम्म निमित्त कार्यालय प्रमुख भई काम गर्दा एक तह माथिको तलव रु. ३०५००.०० को दरमा आफुले खाइपाई आएको तलव र ग्रेडको जम्माको फरक दिनु पर्नेमा ग्रेड नजोडी भुक्तानी दिएको देखियो । मासिक रु ३१३२.०० ले २०७४ पौष देखि २०७५ जेष्ठ १२ महिनासम्मको रु.१६९१३। बढी भुक्तानी भएको असुल हुनुपर्दछ रु.</td><td>१६९१३/-</td></tr>
<tr><td>१५.</td><td>सम्पन्न बाँकी योजनाः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधि भित्र कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । गाँउ कार्यपालिकाबाट प्राप्त देहायका रु.१३२०५५२०/- का ४६ वटा योजना आर्थिक वर्षको अन्त सम्म पनि सम्पन्न भएको देखिएन । योजना निर्माण गर्न उपभोक्ता समितिले पेश्की लाने तर समयमा सम्पन्न नगर्ने प्रवृत्ति देखियो । निर्धारित समय भित्र योजना सम्पन्न हुनुपर्दछ ।

| **योजना/कार्यकमको नाम** | **वडा नं.** | **रकम** |
|---|---|---|
| जजबेडा प्रा.बि. छत मर्मत | १ | १५००००.०० |
| मा.बि. बिण भवन निर्माण | १ | २१९००००.०० |
| ब्रह्मशक्ती मन्दीर फिल्ड निर्माण | १ | ४५००००.०० |
| पनिखाल खा.पा.मर्मत | १ | १०००००.०० |
| नुनबोया खा.पा.मर्मत | १ | १०००००.०० |
| दुर्गा भगवती मन्दीर निर्माण खेतिगाड | १ | ७०००००.०० |
| खेतीगाड देखि मालिकार्जुन सम्म घो.बा | १ | २०००००.०० |
| हुनैनाथ मन्दीर सौचालय निर्माण | १ | १०००००.०० |
| तल्लो सिमखोला खा.पा.यो. | २ | २०००००.०० |
| चडमुन्ना राता सिचाई योजना | २ | १०००००.०० |
| कम्दा खा.पा.यो. | २ | ४०००००.०० |
| काल्छीन मन्दीर निर्माण | २ | ५००००.०० |
| कालागाड बिद्युत नहर मर्मत | २ | १०००००.०० |
| हिकिला खा.पा. मर्मत | २ | २०००००.०० |

</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| तातोपानी खा.पा. यो. | २ | ९००००.०० |
| हरिचन्द्र मन्दीर निर्माण | २ | १०००००.०० |
| बेटबेन्टीन कोर्ट निर्माण | २ | ३०००००.०० |
| गौरिल माण्डौ मा.बि. घेरप्रखाल निर्माण | २ | १००००००.०० |
| शौचालय पन्धारा निर्माण कम्दा | २ | १०००००.०० |
| बुरतिम्ला बुंलीखेत खा.पा. यो. | ३ | ३०००००.०० |
| टुक्कागाउँ देखि टुणाखेत सिचाई यो. खेति | ३ | ३०००००.०० |
| ब्रह्म बचत तथा रिण सहकारी भवन मर्मत | ३ | २०००००.०० |
| श्रीचन देवता मन्दीर निर्माण | ३ | ५०००००.०० |
| धनपाट खा.पा.मर्मत | ३ | ८००००.०० |
| खोपकेन्द्र निर्माण ब्रहमदेब | ३ | २५५५२०.०० |
| बुरतिम्ला नयाँ बस्ती सल्ली खा.पा.यो. | ३ | १०००००.०० |
| दलित सामुदायिक भवन मर्मत | ३ | २५००००.०० |
| डोबालिकोट खा.पा.योजना | ३ | ३०००००.०० |
| ढलनिकास पोक्से ढकनाघर देखि घट्ट माथी | ४ | १२००००.०० |
| टुक्कागाउ देखि भुईकोट ढल निकास | ४ | १०००००.०० |
| तल्ली फारा ढल निकास | ४ | १२००००.०० |
| घुडरखाया खा.पा. यो. | ४ | १०००००.०० |
| मा.बि.धारी घेरप्रखाल निर्माण | ४ | ५०००००.०० |
| मा.बि.धारी बाकी काम निर्माण | ४ | २५००००.०० |
| ब्रह्म पन्चदेब मन्दीर निर्माण | ४ | ५०००००.०० |
| देउबास चिन्चिरी हुदै तल्ली फारा देखि महादेब आ.बि. सम्म पि.सि.सि. बाटो | ४ | ५५००००.०० |
| जोशीगाँउ गौरीया खालो निर्माण | ४ | ३०००००.०० |
| डोलीइजर सिसपु ढुंगा नकट खा.पा.यो | ४ | ४०००००.०० |
| गौरिया खालो निर्माण पाशु | ५ | ५००००.०० |
| चुच्चैगाडा खा.पा.यो. | ५ | ५०००००.०० |
| खोल्टीमुहान देखि हुस्कर मन्दीर सम्म खा.पा.यो. | ५ | १५००००.०० |
| हुस्कर मन्दीर निर्माण आसिकन्ना | ५ | २०००००.०० |
| बोथ्थोली खा.पा.यो. तथा सिचाई योजना | ५ | २०००००.०० |
| बिबद्युत पोल सुरक्षा वडा नं. ५ | ५ | ५००००.०० |
| प्रहरीचौकी | गा.पा | १०००००.०० |
| महादेब मन्दीर पाशु शौचालय निर्माण | ५ | १०००००.०० |
| जम्मा | | १३२०५५२०.०० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १६. | **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनु पर्दछ । देहायका उपभोक्ता समितिहरुलाई गएको पेश्की आर्थिक वर्षको अन्त सम्म पनि रु.३३१६९८६.२९ फछ्र्यौट भएको नदेखिएकोले सो पेश्की फछ्र्यौट हुनुपर्ने रु | ३,३१६,९८६.२९ |

| उपभोक्ता समिति | रकम |
|---|---|
| महादेव मन्दीर देखी तल्लीफारा सम्म पिसिसि | ९५,०००.०० |
| कम्दा लगुजलविद्युत | १००,०००.०० |
| ब्रहम मन्दीर घर निर्माण समिति दुहु ४ | १५८,०००.०० |
| जजवेडाँ प्रा वि छत मर्मत | ४७,०००.०० |
| सीमार पहिरो नियन्त्रण | ९५,०००.०० |
| दलित सामुदायिक भवन मर्मत | ७८,०००.०० |
| कालागाड लधु ज | ४४,०००.०० |
| हुस्कर मन्दिर निर्माणआसीकना | ६२,७००.०० |
| गौरिमाण्डौ मा वि हिकिला | ३९०,८८६.२९ |
| दुर्गा भगवति मन्दिर निर्माण खेतीगाड | २२१,५००.०० |
| महादेव मन्दीर देखी तल्लीफारा सम्म पिसिसि | ८२,५००.०० |
| खेतीगाड देखा मालिकार्जुन सम्म घो वा | ६२,७००.०० |
| डोवाली कोट खानेपानी योजना | ९५,०००.०० |
| ब्रहम बचत तथा ऋण सहकारी संस्था | ६२,७००.०० |
| महादेव मन्दीर सौचालय निर्माण पासु | ३२,०००.०० |
| डोली ईजर देखी श्रीपुर कट ढुङ्गा खानेपानी | १२६,०००.०० |
| कम्दा सार्वजनिक सौचालय निर्माण | ३२,०००.०० |
| श्रीचन मन्दिर निर्माण समिति | १५७,०००.०० |
| धनिराम लुहार | १५०,०००.०० |
| कालीछिन मन्दिर निर्माण | १६,०००.०० |
| चुचईगडा खानेपानी योजना | १५७,०००.०० |
| बुरतिमला बुङ्ली खेत खानेपानी | ९५,०००.०० |
| नरोली विद्यत नहर मर्मत | ३२,०००.०० |
| महादेव निर्माण सेवा पिपलचौरी मा वि विण | ५२२,०००.०० |
| पनीखाल खानेपानी मर्मत योजना | ३२,०००.०० |
| ब्रहम मन्दीर फिल्ड निर्माण समिति | १४०,०००.०० |
| कम्दा खनेपानी योजना | १२६,०००.०० |
| हिकिला खानेपानी मर्मत | ६३,०००.०० |
| चनमुन्डा राता सिचाई योजना | ३२,०००.०० |
| हरमल साहु कालागाड लजविल | १०,०००.०० |
| जम्मा | ३,३१६,९८६.२९ |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१७.</td><td>वित्तीय जवाफदेहिता मूल्याङ्कन : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा अनुसूची १ मा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>बेरुजु : दुँहु गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने बेरुजु रु.९ लाख ९८ हजार ,अनियमित बेरुजु रु.७ लाख ३२ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.२२ हजार र पेश्की बाँकी देखिएको रु.३३ लाख १७ हजार समेत रु.५० लाख ६९ हजार बेरुजू कायम भएकोमा समायोजनबाट रु.४ लाख ३२ हजार फछ्र्यौट भई रु.४६ लाख ३७ हजार बेरुजु कायम भएको छ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>अनुगमन तथा मूल्याङ्कनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत बर्षको वेरुजु रु.८ लाख ७२ हजार फछ्र्यौट गरी सम्परीक्षण गरेको छ ।
<table>
<tr><th>गत वर्षको बेरुजु रकम रु.(क)</th><th>यो वर्ष फछ्र्यौट रु.(ख)</th><th>बाँकी रु. (ग = क-ख)</th></tr>
<tr><td>८७२४२१/-</td><td>८७२४२१/-</td><td>०</td></tr>
</table>
सम्परीक्षण भएको व्यहोराः
<table>
<tr><th>दफा</th><th>आर्थिक वर्ष</th><th>विवरण</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td rowspan="2">३</td><td rowspan="2">२०७३/७४</td><td>सा.सु कर प्रा.स.लाल सिंह बडाल</td><td>दाखिला भई फछ्र्यौट</td><td>१३५४/-</td></tr>
<tr><td>का.स. दिलिप सिंह भट्ट</td><td>दाखिला भई फछ्र्यौट</td><td>१०११/-</td></tr>
<tr><td>८/१०</td><td>२०७३/७४</td><td>नापी किताव पेश नभएको</td><td>प्रमाण पेश भई फछ्र्यौट</td><td>८४०७००/-</td></tr>
<tr><td>४</td><td>२०७३/७४</td><td>स्थानीय भत्ता का.स राजु गुरुङ्ग</td><td>दाखिला भई फछ्र्यौट</td><td>५७६८/-</td></tr>
<tr><td>५</td><td>२०७३/७४</td><td>श्रमदान नपुग</td><td>प्रमाण पेश भई फछ्र्यौट</td><td>०</td></tr>
<tr><td>६</td><td>२०७३/७४</td><td>खेल कुद समितिको अध्यक्षलाई बढी भुक्तानी</td><td>दाखिला भई फछ्र्यौट</td><td>४०८८/-</td></tr>
<tr><td>९</td><td>२०७३/७४</td><td>विरेन्द्र सिंह धामी लाई दोहोरो भत्ता भुक्तानी</td><td>दाखिला भई फछ्र्यौट</td><td>१२०००/-</td></tr>
<tr><td>११</td><td>२०७३/७४</td><td>अग्रिम कर कट्टी नभएको</td><td>दाखिला भई फछ्र्यौट</td><td>३२२०/-</td></tr>
<tr><td>७</td><td>२०७३/७४</td><td>अग्रिम कर कट्टी नभएको</td><td>दाखिला भई फछ्र्यौट</td><td>४२८०/-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८७२४२१/-</td></tr>
</table>
पुनश्चः दफा ५ को उपभोक्ता समितिबाट भएको कामको श्रमदान नभएको लगती बेरुजु कायम नभएको । दफा ८ र १० को दफागत वेरुजु ८८५७००। भएता पनि बेरुजु बर्गिकरणमा रु.८४०७००। मात्र भएकोले सोही अनुसार फछ्र्यौट गरिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०.</td><td>अद्यावधिक बेरुजु स्थितिः दुँहु गाऊँपालिकाको आर्थिक वर्ष २०७४।०७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><td>गत वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी रु. (ग)</td><td>यो वर्षको सं.प.बाट कायम बेरुजु रु (घ)</td><td>यो वर्षमा कायम बेरुजु रु. (ङ)</td><td>बाँकी (च=ग+घ+ङ)</td></tr>
<tr><td>०</td><td>०</td><td>४६३६४९७.२९</td><td>४६३६४९७.२९</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची– १

# दुँहु गाँउपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | **दार्चुला** | **दुहुँ गाँउपालिका** | १३ | ७ | ४६३७ | ० | ० | ० | १३ | ७ | ४६३७ | ९९८ | ३०० | २२ | ० | ० | ३२१ | १५० | ३१६७ | ३३१७ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | **दुहुँ गाँउपालिका** | **दार्चुला** | ६१६९ | १०७७११ | १०२२४८ | २४४३ | २१२४०२ | ११९७३१ | ६२९८२ | ० | १८२७१३ | ३५८५८ |